अग्नीसाइर कृष्णासवरन गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

सीतापुर, सप्तरी

**आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७६/०६/१०

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ का दफा ११ को उपदफा २ को घ (६) तथा सोही ऐनको दफा ६२ क बमोजिम गाउँ कार्यपालिकाको मिति २०७६/०२/२५ तथा २०७६/०५/२९ को निर्णयानुसार यस गाउँपालिका क्षेत्रभित्र देहाय अनुसार आ.व. २०७६/०७७ को लागि आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस गर्नु पर्ने भएकोले गाउँपालिकाबाट तोकिएको दररेटमा स्वीकृती प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित खोला, नदीनाला तथा अन्य क्षेत्रहरुबाट स्वीकृत परिमाण भन्दा उत्खनन् नहुने गरि विक्री शुल्क संकलनको ठेक्का लिने इच्छुक (मु.अ.कर दर्ता प्रमाण पत्र) आ.व. २०७५/०७६ सम्मका फर्म नविकरण आ.व. २०७५/२०७६ को आय कर चुक्ता प्रमाण पत्र भएका) फर्म वा कम्पनिबाट तोकिएको न्युनतम अङ्कमा नघटने गरि (शिलबन्दी बोलपत्र) आव्हान गरी सोही प्रक्रियाबाट संकलन गर्नु पर्ने भएकोले योग्य र इच्छुक फर्म, कम्पनी वा बोलपत्र दाताले यस कार्यालय द्वारा निर्धारित बोलपत्र फर्म खरिद गरि सार्वजनिक खरिद अनुगमन यसै साथ संलग्न शर्तहरुको अधिनमा रही तोकिएको मिति र समयमा पेश गर्न यो १५ दिने सुचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन। बोलपत्र सम्बन्धी अन्य विवरण गाउँपालिकाको गाउँ कार्यपालिकाको Web Site:www. agnisairkrishnasawaranmun.gov.npवा बोलपत्र फर्ममा खुलाएको व्यहोरा सूचित गरिन्छ।

| सि.नं | ठेक्का नं. | ठेक्को किसिम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृती दर रेट | आ.व. २०७६/०७७ का लागि कायम वार्षिक न्यूनतम अङ्क (मु.अ.कर वाहेक) | संकलन गर्न पाउने अधिकतम परिमाण | बोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | राजश्व ०१।२०७६।०७७ | वालुवा विक्री शुल्क उठाउने कार्य | विक्री शुल्क : वालुवा, ३।०० (तिन रुपैया) | रु ५,००,००० । (अक्षरुपी पाँच लाख रुपैया ) | उत्खन्न गर्न सकिने परिमाण २०३०००। घ.मि., उत्खन्न गर्न सकिने प्रति दिन २५० घ.मि., उत्खन्न गर्न मिल्ने औषत गहिराई ०.६ मि. | १०००। | कबोल अङ्क को ५ % |

नोट: यस सम्बन्धमा विस्तृत विवरणको लागि यस कार्यालयको वेबसाईट www.agnisairkrishnasawaranmun.gov.npमा हेर्न सकिने छ।

बैंकको नाम :माछापुच्छ्रे बैंक

बैंक खाता नं. ९००१५२४७३३५२८०४४(धरौटी रकमको लागि) बैंक खाता नं. ९००१५२४७३३५२८०४४(फारामको लागि)

वोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति : असोज २४ गते, २०७६

वोलपत्र दर्ता अन्तिम मिति : असोज २५ गते, दिउँसो १२ बजे सम्म

वोलपत्र खोल्ने मिति : असोज २५ गते दिनको २ बजे पछी

(सरकारी विदा भएको खण्डमा त्यसको भोली पल्ट)

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

**ठेक्का सम्बन्धी शर्तहरु :**

१. बोलपत्र भर्दा कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा फर परेमा अक्षरमा उल्लेख भएका रकमलाई मान्यता दिइनेछ । सारभुत रुपमा प्रभावकारी र सबैभन्दा वढि रकम कबोल गर्न बोलपत्र दाताको कबोल अङ्कको बोलपत्र स्वीकृति गरिनेछ ।

२.ठेक्का अवधि : गाउँपालिका सँग ठेक्का सम्वभ्फौता भएको मिति देखि २०७७ साल अषाढ मसान्त सम्म रहनेछ । बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नगरेको अवस्थामा कुनै पनि किसिमा क्षति पूर्ती दामि गर्न पाइनेछैन ।

३. स्वीकृत प्रारम्भिक वतावरणीय परिक्षण (IEE)प्रतिवेदनले निषेध गरेको भारी मेशिन, उपकरण प्रयोग गर्न र तोकिएको समयावधिमा नदि क्षेत्रबाट सामाग्री उत्खन्न गर्न पाइनेछैन । तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दाता सामाग्री विक्री गर्न सकिनेछ ।

४. गाउँपालिकाको हितलाई मध्यनजर गरि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. बोलपत्रमा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

६. तोकिएको समयमा तोकिएको किस्तार रकम अनिवार्य रुपमा बुझाउनुपर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतमा सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिने छ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दाबी गर्न पाइने छैन ।

७. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनहा सम्बन्धी कनै माँग कार्यालयलाई स्वीकार्य हुने छैन ।

८. बोलपत्र फर्म भर्ने पेश गर्ने संलग्न गर्ने आवश्यक कागजात, कर संलकन प्रक्रिया, सामाग्री संकलनको परिमाण तथा संकलन पक्रिया तथा आदीको बारेमा आवश्यक जानकारी लिनदिनको लागि बोलपत्रदाताहरु सँग छलफल गर्नको लागि यस कार्यालयका बोलपत्रको सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनको विहान ११:०० देखि १२:०० सम्म पूर्व बोलपत्र बैठक (pre bid meeting)राखिएको छ।

९. माथि उल्लेखित ठेक्का अङ्कको थप मुल्यअभिवृद्धि कर (१३%) राजश्व ठेक्का लिने फर्मले सम्वन्धि आन्तरिक राजश्व कार्यालयमा बुझाइ सो को प्रमाण यसै कार्यालयमा पेश गर्नु पर्ने छ ।

१०. बोलपत्र स्वीकृत गर्न आसयको सुचना प्राप्त गरि निर्धारित समयमा कार्यालयमा सम्झौता गरि सक्नु पर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ ।

११. बोलपत्र स्वीकृत रकम बमोजिमको प्रथम किस्ता ३० प्रतिशत रकम बुझाई सम्झौता गर्नुपर्ने छ । र बाँकी अवधिको लागि वार्षिक कबोल अङ्कको ७० प्रतिशत बराबरको रकम २०७७ असार मसान्त सम्म मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्ने छ ।

१२. ठेक्काको बाँकी २ किस्ता रकम क्रमश: पहिलो किस्ता, दोस्रो किस्ता चैत्र मसान्त भित्र बुझाई सक्ने पर्ने छ । प्रचलित ऐन वमोजिमको कवोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा १० प्रतिशत रकम सम्म छुट दिन सकिनेछ । तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट हुनेछैन ।

१३. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त वोलपत्र फाराम साथ संलग्न गरिएको आयात ठेक्का सम्बन्धी अन्य शर्तहका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ । उल्लेखित शर्त पुरा नभएका बोलपत्रहरु मुल्याङ्कनमा समावेश गरिने छैन । यस शर्तमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned by CamScanner